नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 4 Monthly International Edition of Herald of His Coming April 2022

वर्ष २३, अङ्क ४ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (वैशाख, २०७९)

आत्माको शक्तिको लागि हाम्रो आवश्यकता

Our Vital Need for the Power of the Spirit

By Samuel Chandwick

Vol. 8 No. 4 (964)

मण्डली पवित्र आत्माको सिर्जना हो । यो विश्वासीहरूको समुदाय हो । त्यो समुदाय आफ्नो जीवनको सुरुदेखि अन्तसम्म त्यो आत्माप्रति कृतज्ञ छन् । आत्मा विना न कोही विश्वासी हुन सक्दछ न त कोही मण्डली ! "... पवित्र आत्माद्वारा विश्वासी येशू नै प्रभु हुनुहुन्छ भन्न सकिन्छ ।" (१ कोरिन्थी १२ : ३)

माथिबाटको शक्ति नपाएसम्म विश्वासीहरू कुनै पनि गाउँ वा सहरमा साँचो गवाही बन्न सक्दैनन् । यो बाहेक अर्को कुनै उपाय नै छैन । पवित्र आत्माको आवश्यकतालाई महसुस नगर्ने मण्डली नै हुन सक्दैन । पवित्र आत्मा सर्कस चलाउन, बजार निर्माण गर्न, संघ-संस्था र पिकनिक चलाउन त्यति आवश्यकता छैन । धार्मिक संगठन र अरू यस्तै सामाजिक-राजनीतिक संगठनले मण्डली निर्माण गर्न सक्दैन । यी संगठनको विकासको लागि पवित्र आत्माको आगो आवश्यकता हुँदैन, पवित्र आत्माविना नै ती संगठनहरू फस्टाउन सक्दछन् ।

प्रेरित पुस्तकमा येशूले दिनुभएको अन्तिम वाणी के थियो माथिबाटको सहायता नपाउन्जेल तिमीहरू यही बसिरह ! येशूले पवित्र आत्माद्वारा आज्ञा दिनु भएपछि उहाँ स्वर्गमा उचाली लगिनुभएको दिनसम्मका सबै कुरा त्यस पुस्तकमा लेखिएका छन् (प्रेरित १ : १ - २) महिमित पुत्रको लागि पवित्र आत्मा शक्ति हुनुहुन्छ । उहाँ असल सल्लाहकार र ख्रीष्टको आउनेवाला प्रतिज्ञाका प्रतिनिधि हुनुहुन्छ । पवित्र आत्माको काम सधैँको लागि ख्रीष्टको महिमा गर्नु, उहाँको चरित्रलाई चरितार्थ गर्नु, उहाँको राज्य स्थापना गर्नु हो । मण्डली ख्रीष्टको शरीर हो र आत्मा ख्रीष्टको आत्मा हो । त्यो आत्मा शरीरलाई भर्दछ, चालहरूलाई निर्देशित गर्दछ, हरेक मण्डलीका सदस्यहरूलाई निर्देशित र नियन्त्रण गर्दछ, बुद्धिलाई प्रेरित गर्दछ, शक्ति प्रदान गर्दछ । मण्डलीका काम आत्माको शक्तिमा हिँड्नु, त्यस शक्तिमा बोल्ने शक्ति प्रदर्शन गर्ने हो । उहाँले बोलाउनु हुन्छ, वितरण गर्नुहुन्छ, नियन्त्रण गर्नुहुन्छ, मार्गदर्शन गर्नुहुन्छ, प्रेरणा दिनुहुन्छ र बलियो पार्नुहुन्छ । यो परमेश्वरले आत्माद्वारा मण्डलीमा गर्ने क्रियाकलापहरू हुन् ।

आत्माले आफ्नो अख्तियारलाई कहिल्यै बिर्सनु वा त्याग्नुहुन्न न त उहाँ आफ्नो शक्तिलाई कम पार्नु नै हुन्छ । ख्रीष्टको मण्डलीमा न कुनै राजनीतिक, धनसम्पत्ति, विचारको सर्वोच्च अधिकार हुन्छ । आजसम्मको इतिहासमा हेर्ने हो भने ख्रीष्टबाहेक अरू कसैको पनि प्रभुत्व भएको मण्डली हारेको र तहसनहस भएको छ । त्यस्ता मण्डलीहरूले कुनै चमत्कारी काम गर्न सक्दैनन् । मण्डली जसले कमिटीहरू मात्र बनाउँछ, प्रार्थनालाई बेवास्ता गर्दछ, त्यो हेर्दा राम्रो देखिएला तर त्यसका यी कामहरू व्यर्थ मात्र हुन जान्छन् । यी काम त संसारमा मात्र गरिन्छ परमेश्वरको राज्यमा त परमेश्वरको काम हुनुपर्दछ त्यो उहाँको शक्तिले मात्र गर्न सकिन्छ । कुनै संगठन चलाउनको लागि त आत्माको आवश्यकता नपर्न सक्दछ । मानिसले, धनले, धानले मानिसको लागि मात्र ऊर्जा प्राप्त गर्न सक्दछ तर परमेश्वरको काम त आत्मामा केवल आत्मामा मात्र निर्भर रहन्छ ।

मण्डलीले गर्ने सम्पूर्ण क्रियाकलापहरूमा आत्माको शक्तिमा निर्भर हुन्छ । अरू कुनै कुरा पनि काम लाग्ने हुँदैन । मानिसका कुनै पनि क्रियाकलापहरूले मण्डलीलाई परिवर्तन

ल्याउन सक्दैन केवल आत्माले मात्र सक्दछ । कति मण्डलीमा प्रचार शक्तिहीन, हुन्छ कारण परमेश्वरको आत्मामा भर नपर्नु नै हो । परमेश्वरको शक्तिविना मानिसले गरेको परिश्रम व्यर्थ हुन्छ ।

मण्डली आत्मा विश्वासको विन्दुमा असफल हुन सक्दछ जब मण्डलीलाई सांसारिक रूपमा चलाइन्छ, त्यहाँ ठुलो भिड हुन सक्छ, तर आत्माले भरिएन भने त्यो व्यर्थै हो । यसैले प्रार्थना विश्वासको परीक्षा र शक्तिको रहस्य हो । परमेश्वरको आत्माले आत्माको प्रार्थनामा जीवन दिनुहुन्छ । मण्डलीमा परमेश्वरले गर्ने अचम्मका कार्यहरू परमेश्वरको शक्ति हो । चमत्कारविना मडली बाँच्न सक्दैन । शारीरिक विश्वासी खाली तर्क वितर्क मात्र गर्दछ । त्यो क्रियाकलापलाई आत्माले दोषी ठहराउनु हुन्छ । शिक्षाले सभ्य बनाउन सक्दछ तर आत्मा बचाउनलाई त आत्माको नै आवश्यकता पर्दछ । शारीरिक शक्तिले व्यापार गर्न सकिन्छ, मनोरञ्जनहरू व्यवस्थापन गर्न सकिन्छ, लाखौं फाइदा गर्न सकिन्छ तर त्यो कार्यसञ्चालक गर्ने व्यक्तिलाई मात्र आत्माको पवित्र आत्माको मन्दिरको रूपमा परिवर्तन गराउनु हुन्छ । वर्तमान मण्डलीको मूल समस्या भनेको हामीलाई आत्माको नियन्त्रणमा छाड्न नसक्नु नै हो । सांसारिक विचारले संसारतिरै लान्छ तर पवित्र आत्माले परमेश्वरतिर । पवित्र आत्माको शक्तिले सुकेका हड्डीहरूलाई ताकक दिन्छ, त्यो पवित्र आत्माको भरिपुरीले मात्र सम्भव छ ।

व्यक्ति, शक्ति र आत्माको काम

आत्माको शक्ति व्यक्तिबाट अभिभाज्य छ । परमेश्वरले आफ्ना गुणहरूलाई त्यत्तिकै छाड्नुहुन्छ । उहाँको शक्ति भाडामा लिन सकिँदैन । उहाँको आत्मालाई उहाँबाट अलग पार्न सकिँदैन । उहाँको उपस्थितिले व्यक्तिलाई बलियो पार्दछ । उहाँले शक्ति प्रदान गर्ने मात्र होइन, त्यसलाई उहाँले नै चलाइरहनुहुन्छ । जसलाई चलाउन अरू कसैले सक्दैन । हामीमा काम गर्ने परमेश्वरको इच्छाशक्ति नै हो हाम्रो होइन । के हामी कति पटक असफल हुँदैनौं र ? के हामी परमेश्वरमा भन्दा प्रार्थनामा त ध्यान दिएनौं । यो अति सामान्य जस्ता देखिन्छ तर अति नै गम्भीर कुरा हो । परमेश्वरमा केन्द्रित प्रार्थना उहाँले चाहेको प्रार्थना हो तर हाम्रो इच्छा पूरा गर्नको लागि होइन । उहाँसँग सम्बन्धी सम्पूर्ण काम उहाँकै शक्तिमा गर्नु पर्दछ । धेरैपटक हामीले बाहिर देखिने प्रमाणहरू चाहन्छौं । नाटकीय चमत्कार भएको, अरू मानिसहरूले देखेको हेर्ने हाम्रो इच्छा नहुन सक्छ तर के परमेश्वरको इच्छा त्यसतै हो त ? बोलीको लागि जति शक्तिको आवश्यकता छ मौनताको लागि पनि त्यति नै शक्तिको आवश्यकता पर्दछ । उहाँ उच्च स्थानबाट हामीलाई हेर्नु हुन्छ र हाम्रो भित्री इच्छा राम्रोसँग बुझ्नु हुन्छ । एउटै परमेश्वरको आत्मामा दुवैको विविधता छ, कार्य र अभिव्यक्ति । आत्माको काम आत्माको शक्तिमा निर्भर हुन्छ । अरू कुनै शक्तिबाट यो क्रियाकलाप हुन सक्दैन । आत्माको काम गर्न शारीरिक ऊर्जाले सम्भव छैन । उहाँको कामको लागि उहाँको अर्को विकल्प छैन ।

जकरियाको पुस्तक ४ अध्यायको घटनालाई हेर्ने हो भने- जब शियोनले बेबिलोनको सुन, कपडाहरूको लोभ गर्दछ, आराधनाको लागि बेबिलोनहरूको तरिका अपनाउँछ, उनीहरूको जस्तै वेदीहरू बनाउँछ, झगडा गर्दछ, बेबिलोनी हातहतियार प्रयोग गर्दछ, शियोन हार्दछ किनभने उसले अरूसँग आफूलाई तुलना गर्दछ । वास्तवमा शारीरिक स्रोतहरू आत्मिक रूपमा कुनै सम्पत्तिहरू हुन सक्दैनन् । उहाँ हुन लागेको युद्धमा हतियारहरू शारीरिक होइनन् । प्रार्थनाले आत्मिक तथा देखिने युद्ध जित्न सकिन्छ । परमेश्वरले महान् महान् युद्ध जित्ने काम हाम्रो घुँडामै राखिदिनुभएको छ, नजिकै छ सायद तपाईंको त्योभन्दा नजिक अर्को माध्यम छैन जसले तपाईंलाई उहाँसँग जोड्छ ।

परमेश्वरले मानिसलाई वादविवाद गरेर बचाउनु हुन्न तर उहाँले शक्तिमा रहेर दिइने जीवत शक्तिद्वारा उहाले हरेक घटनाबाट हामीलाई बचाउनु हुन्छ । आत्माको शक्तिद्वारा पाप र धार्मिकताको विश्वास पैदा हुन्छ । मण्डलीको काम अलौकिक छ, परमेश्वरको वचनले भन्दछ, "... न त बलले न शक्तिले, तर मेरो आत्माले ...।" (जकरिया ६ : ४) हाम्रो असफलताको अर्को कुनै वहाना छैन, अर्को प्रभावकारी कुनै औचित्य छैन किनकि परमेश्वर आत्मा हुनुहुन्छ, शक्तिको आत्मा आत्माको वरदात प्रत्येक विश्वासीको उत्तराधिकार हो जो हाम्रा प्रभु येशू ख्रीष्ट हुनुहुन्छ ।

शक्तिको आत्मा कहाँ छ ?

प्रेरितीय मण्डलीहरूमा आत्माले भरिएका भनेर आरोप लगाइएको थियो । तिनीहरूको प्रचार एकदमै शक्तिमा आधारित थियो, प्रचारमा ठुलो विश्वास प्रदर्शन हुन्थ्यो । परमेश्वरले गर्नुभएको अचम्मको कामले तिनीहरूका विश्वासको प्रमाणित गर्दथ्यो । दुष्टता हृदयहरूलाई तिनीहरूले पखालिदिए, स्वर्गले तिनीहरूको हृदयमै छाल लगाइदियो, त्यतिबेलामा महान् शासकहरू पनि तिनीहरूलाई भेट्दा थरथर काँपे । मरेकाहरूले पनि परमेश्वरको वचन सुने । तिनीहरूको एक पटककै स्पर्शमा रोगहरू भागे, उनीहरूको बोलीमा दुष्टहरू पनि अधीनमा बसे । सम्पूर्ण प्रेरितहरूबाट अरू मानिसहरूका आत्माको शक्ति सच्यो । यसको कारण के थियो ? के कारणले प्रेरितहरूले यस्ता महान् कामहरू गर्न सके ? कारण स्पष्ट छ तिनीहरूले

माथिबाटको सहायतामा भर परे। परमेश्वरसँगको सामिप्यताले तिनीहरूले महान् शक्तिको अनुभव गरे। त्यसैल बलियो र साहसी भए। मण्डली साधारण थियो तर जब उनहिरूले असाधारण काम गर्न सुरु गरेका थिए। अब मण्डली उत्साहित भयो, भरियो, शक्तिशाली भयो, जीवित परमेश्वरमा। आमिन्।

पवित्र आत्माको शक्तिको अर्को कुनै विकल्प नै छैन। मण्डलीको पर्याप्तता मानिस हुन सक्तैन तर परमेश्वर हुनुहुन्छ। एउटा सफल मण्डली हुनका लागि आत्मिक तिखो भएकै हुनुपर्दछ। त्यस्तै मडलीलाई परमेश्वरको आत्माले भरिदिनु हुन्छ। मण्डलीका सम्पूर्ण असफलता सामान्य समर्पणले नहोला त्यसका लागि परमेश्वरले यो असफलताको रोगलाई निको नपारेसम्म प्रार्थना गरिरहनु र उहाँको शक्तिलाई स्वागत गर्न दिने धेरै महत्वपूर्ण छ। यहाँ अर्को एउटा प्रश्न यो सँगसँगै आउन सक्छ के तपाईंले पवित्रआत्माले काम गर्नुहुन्छ भन्ने कुरामा विश्वास गर्नुहुन्छ ? परमेश्वरको आत्मा सत्यको आत्मा हुनुहुन्छ। हामीले विश्वास गरेको परमेश्वर जीवन दिने प्रभु हुनुहुन्छ।

Taken from 'The way to Pentecost by Samuel Chadwick (1860-1932)

अन्तिम दिनहरूमा जीवन र सेवाको लागि ईश्वरीय शक्ति

(Divine Power for Life and Ministry in the Last Days)

अहिले हामी हेराल्डको कार्यालयमा बसेर आफ्ना मानिसहरूलाई परमेश्वरको बारेमा सिकाइरहेको कुरा अनुमान गर्न सक्नुहुन्छ। त्यो ठीक कुरा हो। हाम्रा जागृति र पश्चातापका लेखहरूबाट उहाँको आगमनको दिन नजिकै आएको छ भनी हाम्रा मानिसहरूलाई तयारी पारिरहेका छौं। संसारभरि अहिले जे जस्तो प्रकारका चिन्हहरू देखिइरहेका छन् तिनीहरूले उहाँको आगमन नजिक छ भन्ने कुरा प्रदर्शन गरिरहेको छ। परमेश्वरको वचनले धेरै वर्ष पहिला यसरी भनेको छ, "तिमीहरू युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्नन राज्यको विरुद्धमा राज्य उठ्नेछ र त्यो ठाउँमा अनिकाल र भूकम्पहरू हुनेछन्।" (२४ : ६-७)

के यो भनाइ हाम्रो वर्तमान संसारलाई भने जस्तो लाग्दैन ? अवश्य लाग्दछ। उदाहरणको लागि रुस र युक्रेनको बिचमा भएको युद्धलाई हेरौं त ! त्यति मात्र होइन युद्ध आफैं पनि चिन्ताको कारण हो तर मैले यस्तै बिचमा पनि प्रशस्तै सम्भावनाहरू देखिएका छन्। यसको साथै यी घटनाहरूले विश्वमा खाद्य संकटहरू पनि सम्भावना पनि प्रचुर मात्रामा देख्न सकिन्छ। विश्वखाद्य आपूर्तिमा यस्ता खतराहरू देखिइरहेकै छ।

अहिले आणविक युद्धका सम्भावना प्रचुर मात्रामा बढेको छ। जस्तो इरान देशलाई हेरौं त यो देश आणविक क्षमताको नजिक पुगको छ चाँडै भयङ्कर खतरा आउने सम्भावना छ। इजरायलको बारेमा हेर्दा इरानीहरूको पहिलो आक्रमण इजरायल पर्ने सम्भावना छ। फेरि अहिले उत्तर कोरियाको आणविक क्षमतलाई विचार गर्नुहोस् त, मानिसहरू खाना खान पाएका छैनन्, सम्पूर्ण देशको सम्पत्ति आणविकमा खर्च गरिरहेको छ। संसारभरि भएको आर्थि मन्दी र वृद्धिको बारेमा विचार गर्नुहोस् त चीनले कसरी आर्थिक उन्नति गरेको छ तर धेरै देशहरूको के हालत छ ? यदि चीनले आक्रमण गर्न चाह्यो भने संसार कतातिर जाला ? तालेवानकै के हालत होला त ? लडाईंको कुरा के गरौं संसारको अर्थ व्यवस्था, जलवायु परिवर्तनको के कुरा गरौं। संसार इजरायल र यहुदी जातिहरूको विरुद्धमा यसरी उठेको छ तिनीहरूको के हालत होला ? संसारबाट प्रेम हराएर गएको छ, शत्रुता मात्र बढ्दै गएको छ। मानिसका घमण्ड, रिस, द्वेष कसरी विकास भएको छ, संसार अब कतातिर जान्छ होला ?

संसारमा बढिरहेको प्राकृतिक प्रकोपलाई विचार गर्नुहोस् त संसार कसरी विश्वव्यापी रूपमा महारोगको जालमा फसेको छ ? कस्ता नयाँ-नयाँ रोगहरू देखा परेका छन्। के तपाईंले हिजो कोभिडको बारेमा सोच्नुभएको थियो, यस्ता नयाँ नयाँ रोगहरूले संसार सखापै पार्न लागेको छ। पछिलो दुई वर्षलाई मात्र विचार गरौं त हाम्रो बिचमा कस्तो त्रास देखापरेको थियो ?

अतिरिक्त संकेतहरू

येशूले अन्तका दिनहरूमा अरू धेरै संकेतहरूको बारेमा भन्नुभएको छ - धोखा, अनैतिकता, सामाजिक बिखण्डनता, आत्मिक अबुझपना, अरू यस्तै कुराहरू।

"तब तिनीहरूले तिमीहरूलाई संकटको लागि सुम्पिदिनेछन् र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर बसै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन् र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। धेरै झुटा अगमवक्ताहरू खडा हुनेछन् र धेरैलाई बहकाउने छन्। दुष्टता बढेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ।" (मत्ती २४ : ९ - १२) के अहिले हामीले यस्तै घटना भएको देखेका छैनौं र ? अहिले संयुक्त राष्ट्र संघको महत्व कम हुँदै गएको छ वास्तवमा यसले केही काम गर्न सकेको छैन। एउटा साधारण उदाहरणका लागि लैङ्गिक पहिचान र विवाहको मुद्दालाई संयुक्त राष्ट्र संघले केही गर्न सकेको छैन। यसले भनेको कसैले पनि मान्दैन भने यसको के औचित्य भयो। कति मुद्दाहरूलाई अतिरञ्जित पारिएको

छ । परमेश्वरले सृष्टिको सुरुमै यस्ता धेरै कुराहरूलाई स्पष्ट पार्नु भएकै थियो ।

परमेश्वरले महिला वा पुरुषलाई सृष्टि गर्नुभएको हो । विवाहलाई पवित्र बन्धनको रूपमा उहाँले स्थापना गर्नुभएको हो, केवल स्त्री र पुरुषको बिचमा मात्र तर अहिले विचार गर्नुहोस् त के त्यो सिद्धान्त चलेकै छ त ? समलिङ्गी विवाह हाम्रो समाजमा व्यापक भइसकेको छ । "मेरो जीवन मेरो इच्छा" यो कहाँबाट आएको विचार हो पक्कै परमेश्वरबाट त होइन । विवाहका फरक-फरक परिभाषा आउन लागेका छन् आजकल ।

पावल प्रेरितले पनि यस्तै अवस्थाहरूको विषयमा हामीलाई चेतावनी दिन खोजेका छन् । विचार गर्नुहोस् आजकलका सञ्चार माध्यमका शीर्षकहरू पनि त्यस्तै प्रकारका छन् कि छैनन् । "तर यो बुझिराख, कि आखिरी दिनहरूमा डरलाग्दा समयहरू आउनेछन् । किनभने मानिसहरू आफैँलाई मात्र माया गर्ने, रूपैयाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरूको बदनाम गर्ने, आमाबुबाको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र, स्वाभाविक प्रेमरहितका, खुसी पार्न नसकिने, अरूको बदख्वाई गर्ने, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, विश्वासघाती, उत्ताउला, अहंकारले फुलेका, परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने, भक्तिको भेषचाहिँ लिने तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन् । यस्ता मानिसहरूबाट अलग्ग बस ।" (२ तिमोथी ३ : १-५) यो खण्डको अन्तमा धेरै महत्वपूर्ण कुरा के भने मण्डली भित्रैबाट ईश्वरलाई त्याग्ने विचार आउन सक्नेछ । यो कसरी सम्भव छ मण्डली भित्रै धर्म त्याग ? हो यस्तै हुनेछ भनिएको छ । आजकल यस्तै भइरहेको छ ।

ईश्वरीय शक्ति

यी विभिन्न चुनौतीहरूको बिचमा हामी हिँडेको भए तापनि यस्तैहरूलाई चुनौती दिँदै हामीले परमेश्वरको साँचो सेवा गर्नुपर्दछ । हामीलाई यस्तो हुनेछ भन्ने थाहा छ तर धेरै मानिसलाई यो कुरा थाहै छैन । हामी समस्या देखेर डराउने होइन तर ईश्वरीय शक्तिधारण गर्दै नुन र ज्योति भएर संसारभरि परमेश्वरको राज्य प्रचार गर्नुपर्दछ । त्यो समय अहिले नै हो । इतिहासमा धेरैपटक परमेश्वरको शक्तिलाई इन्कार गरिएको घटनाहरू छन् तापनि त्यति समयमै परमेश्वरले महान् काम गर्नुभएको छ, उहाँले आफ्नो काम गर्नुहुन्छ । यो समयमा हामी परमेश्वरको शक्तिमा खडा हुनुपर्दछ । परमेश्वरको शक्तिले हामीलाई परिवर्तन गर्छ जहाँबाट परमेश्वरको महिमा हुनेछ । जसले अरूहरूलाई पनि उहाँतर्फ आकर्षित गर्न मद्दत गर्दछ ।

परमेश्वरले हाम्रो जीवनमा उहाँको शक्तिले भरिएको देख्न चाहनुहुन्छ भन्ने विषयमा कुनै शंका गर्ने ठाउँ नै छैन । जस्तो प्रकारले येशूले आफ्ना चेलाहरूको बिचमा तिनीहरूलाई आज्ञा गर्नुभयो त्यसरी नै अहिले हरेकलाई पठाउन चाहनुहुन्छ । "हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नहोउञ्जेल तिमीहरू यहीँ शहरमा बसिरहो ।" (लूका २४ : ४९)

वास्तवमै हामीसँग पनि उहाँ त्यसरी नै बोलिरहनुभएको छ । विचार गरौँ त जुन शक्तिद्वारा परमेश्वरले येशूलाई मृत्युबाट जीवित पार्नुभयो हामीलाई पनि उहाँले त्यही शक्ति दिनुभएको छ । कस्तो अचम्म ! "अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक, त्यो शक्ति उहाँको महान् सामर्थको काम नै हो । जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो ।" (एफिसी १ : १९-२०) "आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनु हुनेलाई हामीले चिनेका हुनाले पमरेश्वरको दिव्यशक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ ।" (२ पत्रुस १ : ३)

"तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि, तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।" (प्रेरित १ : ८)

"...प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ । परमेश्वरका सारा हातहतियार उठाओ र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खडा हुन सक्ने होओ ।" (एफिसी ६ : १०, १३)

"किनकि हाम्रो युद्धमा अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नास गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ ।" (कोरिन्थी १० : ४) "उहाँको महिमित शक्तिअनुसार आनन्दसाथ सबै सहनशीलता र धैर्यको लागि तिमीहरू सारा शक्तिसित बलियो होओ ।" (कलस्सी १ : ११)

ईश्वरीय शक्ति प्राप्त गरेपछि हामीले दुःख सहन सक्ने शक्ति प्राप्त गर्न सक्दछौँ । "किनभने परमेश्वर हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ । यसकारण हाम्रा प्रभुको गवाही दिन शर्म नमान, न त म उहाँको कैदीको, तर परमेश्वरको शक्तिमा सुसमाचारको निम्ति दुःख भोगमा तिमी सहभागी होओ ।" (२ तिमोथी १ : ७ - ८) परमेश्वरको शक्तिले हामीलाई निर्माण गर्दछ । निन्दा, आवश्यकता, सतावट, कष्टहरूमा उहाँले हामीलाई शक्ति दिनुहुन्छ ।

"तर मलाई उहाँले भन्नुभयो, "मेरा अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ । यसकारण ख्रीष्टको खातिर दुर्बलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपदहरूमा म सन्तुष्ट रहन्छु । किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु ।" (२ कोरिन्थी १२ : ९-१०)

"स्तिफनसले अनुग्रह र शक्तिले पूर्ण भएर मानिसहरूका बिचमा ठूला-

ठूला अचम्मका काम र चिन्हहरू गरे ।" (प्रेरित ६ : ८)

"प्रत्येक मानिसलाई चेतावनी दिँदै, र प्रत्येक मानिसलाई सादा बुद्धिमा सिकाउँदै हामी उहाँलाई घोषणा गर्दछौं, यस हेतुले के प्रत्येक मानिसलाई ख्रीष्टमा परिपक्व बनाई प्रस्तुत गर्न सकौं ।" (कलस्सी १ : २९) यो यस्तो जसले ख्रीष्टको प्रेम प्रदर्शन गर्छ कि, उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारुन् र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरुन्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर सबै सन्तहरूसँग चौडाई, लम्बाइ, उचाइ र गहिराइ के रहेछ सो सो बुझ्ने शक्ति प्राप्त गर्न सक र आज्ञालाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ ।" (एफिसी ३ : १६-१९) ईश्वरीय शक्तिले प्रेम, आनन्द, शान्ति र आशाले पूर्ण गराउँदछ ।

आशाका परमेश्वरले तिमीहरूलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदिऊन् यस हेतुले कि पवित्रआत्माको शक्तिले तिमीहरू आशामा प्रसन्न हुन सक !" (रोमी १५ : १३)

वचन र शक्तिमा सुसमाचार

यी सबै कुराहरूलाई ध्यानमा राखेर हेराल्डका अफिसमा सेवा गर्ने सम्पूर्ण व्यक्तिहरूलाई यी आशाका वचनहरूद्वारा उहाँले उत्तेजित पार्नुभएको छ । तपाईंको जीवनलाई पूर्णतातिर लैजान उहाँले शक्ति दिनुहुन्छ यो नै अन्तिमका दिनको सेवामा चाहिने उत्साह हो । यसलाई मैले अन्तका दिनको सेवकाई पनि भनेको छु । उहाँको आगमन नजिकै छ, विभिन्न चिन्हहरूद्वारा परमेश्वर ख्रीष्टद्वारा हामीसँग बोलिरहनुभएको छ ।

"अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त आउनेछ ।" (मत्ती २४ : १४)

यो समयमा पावलले थिसलोनिकीका मानिसहरूलाई भनेको कुरा एकदमै सान्दर्भिक हुन्छ जस्तो लाग्दछ । उनी भन्दछन्, "किनभने हाम्रो सुमाचार तिमीहरूकहाँ वचनमा मात्र आएन, तर शक्ति र पवित्रआत्मामा, अति सम्पूर्ण निश्चयताका साथ आएको हो । तिमीहरूका माझमा छँदा तिमीहरूकै खातिर हामी कस्ता किसिमका मानिस थियौ, तिमीहरू जान्दछौ ।" (१ थेसलोनिकी १ : ५)

यो सन्देश हामीलाई र हाम्रा वरपरका मानिसहरूको निम्ति अति आवश्यक छ । परमेश्वरको शक्ति प्राप्त गरेका मानिसहरू कहिल्यै हार्दैनन्, जस्तोसुकै अवस्थामा पनि बलिया हुन्छन् । जीवनका हरेक क्षेत्रमा ती आशावान् मानिसहरू हुन् । अन्त्यमा यो बाइबलको पदलाई यहाँहरूको बिचमा राख्दै म बिदा लिन चाहन्छु । परमेश्वरको यहाँहरूलाई प्रशस्त आशिष दिनु भएको होस् । आमिन् ।

"उहाँलाई जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ । उहाँलाई नै पुस्ता पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदा सर्वदा महिमा होस् । आमिन् । Rich Carmicheal

जब जागृति आउँछ, तब परमेश्वर प्रकट हुनुहुन्छ !

Revival Happens When God Appears

–By Adrian Rogers (1931 – 2005) (20220506)

हाम्रा घर परिवारको निम्ति जागृति चाहिन्छ । हाम्रा चर्चहरूको निम्ति जागृति चाहिन्छ । हाम्रो राष्ट्रको निम्ति जागृति चाहिन्छ । यो संसारलाई येशू चाहिएको छ ! सेनाको शक्तिले जागृति ल्याउन सक्दैन । आर्थिक सम्वृद्धिले पनि जागृति ल्याउन सक्दैन । चुनावले जागृति आउँदैन ! जागृति चाहिं सर्वशक्तिमान परमेश्वरको सर्वोत्कृष्ट कार्य हो ।

यशैया ६४ मा लेखिएको छ परमेश्वरका जनहरूलाइ कैदमा लगियो, उहाँको कामहरुलाइ उजागर हुन दिईएन र उहाँका मानिसहरू निरास भए,धेरै जसो आजका विश्वासीहरू जस्तै निरास थिए ।

संसारिक कुरा, शारीरिक कुरा र शैतानले मण्डलीलाई बन्दी बनाएको छ । आज पनि धेरै क्रिस्चियनहरू निरुत्साहित छन् । धेरैसँग जागृतिको आशा छैन । जागृति सम्भव छ भनेर तिनीहरू विश्वास गर्दैनन् ! म तपाईंहरुलाई भन्न चाहन्छु, जागृति सम्भव हुनको निम्ति यो अपरिहार्य छ कि जब परमेश्वरका मानिसहरू परमेश्वरसँग सही ठाउँमा बसेका हुन्छन् ।

किन कुनै ठुलो जागृति आएको छैन त ? किनभने चर्चहरूमा आएको उदारवादको कारणले मात्र होइन । परमेश्वरका जनहरूबीच अनेकताको कारणले मात्र पनि होइन । हामी सांसारिक र सम्झौता परास्त भएकाले मात्र पनि होइन । प्रिय साथीहरु, यदि हामीले सबै कुरामा परिवर्तन भएका छौं तर पनि अझै जागृति नआउन सक्छ ! यी कुराहरु चाहिँ जागृति नआउनुको कारणहरू होइनन् । तर ती कुराहरूचाहिँ जागृति नआएको भन्ने प्रष्ट परिणाम हुन् । जागृति के हो त ? हे परमेश्वर, तपाइँ आफैं तल ओर्लनु चाहिं जागृति हो !

"यदि तपाईंले आकाश च्याति पृथ्वीमा झार्नु भयो भने प्रत्येक कुराहरू परिर्वतित हुने थियो । पर्वतहरू तपाईं समक्ष पग्लने थिए ।" (यशैया ६४:१)

जागृति भनेको सर्वशक्तिमान परमेश्वरसँग भेट्नु हो । हामीमध्ये धेरै जसोले परमेश्वरलाई खोज्छौं किनभने उहाँले हामी हाम्रो चर्च, हाम्रो परिवार, हाम्रो राष्ट्रको निम्ति केही न केही गर्न चाहनुहुन्छ । हामीले परमेश्वरको हात खोजिरहेका छौं तर उहाँको अनुहार खोजिरहेका छैनौं ! हाम्रो हृदय परमेश्वरको निम्ति समर्पित भएको हुनुपर्छ ! हामीले मुख खोलेर भन्नै पर्छ "हे प्रभु, के तपाईं तल ओर्लनु हुन्छ ? "

परमेश्वर तल आउन मन पराउनुहुन्छ । उहाँका मानिसहरूको नेतृत्व गर्न परमेश्वार आगोको ज्वाला र बादलको खम्बामा तल ओर्लनु हुन्छ !

उहाँ परमेश्वर पवित्रहरुको महा पवित्र स्थानमा पवित्र पालमा उहाँको महिमाले भर्न आउनुहुन्छ ! हामीलाई मुक्ति दिन प्रभु येशू स्वर्गबाट तल ओर्लनु हुन्छ ! शुरुका चर्चहरुमा पवित्र आत्माको बप्तिस्मा दिन पेन्तिकोसको दिनमा पवित्र आत्मा स्वर्गबाट तल आउनु भयो । दोस्रो आगमनमा पनि उहाँ येशू फेरि आउँदै हुनुहुन्छ ! तपाईंले आधुनिक मण्डली इतिहासलाइ अध्ययन गर्दा परमेश्वर समय समयमा, ठाउँ ठाउँमा ओर्लनुभएको रेकर्ड देख्नुहुन्छ !

म चर्चहरु प्रभु आउनु भएको देख्न चाहन्छु। हामीमा जागृति आउनु अघि हाम्रो जीवन परिवर्तन भएको हुनुपर्दछ, अमेरिकाको राष्ट्रको विचार बुझ्नु आवश्यक छैन ! जब हामी परिवर्तन हुन्छौं र हामीमा जागृति पनि आउँछ । तपाईं, मेरो प्रिय साथीहरुमा जागृति आउँछ ! तपाईं व्यक्तिगत तवरले तपाईं आफै जागृतिले भरपुरी हुनसक्नु हुन्छ ! सण्डे स्कुलको सेवाकाइमा तपाईंले जागृतिको अनुभव गर्नुहुन्छ ! तपाईं र तपाईंको परिवारमा ठुलो जागृति आउन सक्छ । तपाइँ जहाँ भए पनि, जुनसुकै बेला पनि जागृतिले भरिपुरी हुन सक्नु हुन्छ !

परमेश्वरको उपस्थितिले ल्याउने जागृति: परमेश्वर आफैले !

जब प्रभु तल आउनुहुन्छ, उहाँका महान् कामहरु हुनेछन् ! वचनमा पर्वतहरू पग्लने भनिएको छ ! पर्वतहरू तपाईं समक्ष पग्लने थिए ।

पर्वतहरू आगोको रापमा झारपातहरू जलिरहे जस्तो जल्ने थिए। पर्वतहरू आगोमाथि पानी जस्तै उम्लिने थिए। तब तपाईंका शत्रुहरूले तपाईंको बारेमा जान्ने थिए । तब सारा जातिहरू तपाईंलाई देख्दा डरले काम्ने थिए । (यशैया ६४:१-२) प्रभुको काममा बाधा दिने गर्वका पहाडहरु कट्टरता र उदासीनताहरु सबै पग्लिनेछ । केही कुराले सर्वशक्तिमान परमेश्वरको जागृतिको दन्केको आगोलाई रोक्न सक्दैन ! धेरै पहाडहरू, धेरै अवरोधहरू तेर्सिए तापनि परमेश्वरलाई इन्कार नगर्नुहोस् ! जब उहाँ तल ओर्लनुहुन्छ, ती पहाडहरू पनि पग्लिन्छन् ।

पापीचाहिँ डग्मगाउँछ !

"पर्वतहरू आगोको रापमा झारपातहरू जलिरहे जस्तो जल्ने थिए । पर्वतहरू आगोमाथि पानी जस्तै उम्लिने थिए । तब तपाईंका शत्रुहरूले तपाईंको बारेमा जान्नेथिए । तब सारा जातिहरू तपाईंलाई देख्दा डरले काम्ने थिए । जब तपाईं अप्रत्यासित कार्य गर्नुहुन्छ, पर्वतहरू तपाईं अघि पग्लन्छन् ।" (यशैया ६४:२-३) जब कसैले केही हराउँछन् केही देख्दैनन्, चुप बस्छन् त्यति बेला पबित्र आत्माको विश्वासमा कमि आउँछ र पापीचाहिँ डग्मगाउँछ ! यदि अमेरिकिहरुसँग जागृति भएको भए, मध्यरातमा अमेरिकीहरु कमेडियनहरूसँग रम्ने थिएनन् र सर्वशक्तिमान ईश्वरको खिल्ली उडाउने काम गर्दैनथे ! परमेश्वरको उपस्थितिमा कामुकहरु पनि डगमगाउने छन् र मुक्ति नपाएकाहरुले दयाको निम्ति पुकार गर्नेछन् !

धर्मीहरू आनन्दित हुनेछन् । "तपाईंका मानिसहरूले साँच्चि नै तपाईंको कुरा कहिल्यै सुनेन । तपाईंले बताएका कुराहरूमा कहिल्यै ध्यान दिएर सुनेन । कसैले पनि तपाईंजस्तो परमेश्वर देखेका छैनन् । तपाईंबाहेक त्यहाँ त्यस्तो परमेश्वर हुनुहुन्न । यदि मानिसहरूमा धैर्य भए अनि तपाईंको सहयोग पर्खेको भए, तिनीहरूका लागि तपाईंले महान् कुराहरू गरिदिनुहुने थियो । तपाईं त्यस्ता मानिसहरूसित हुनुहुन्थ्यो जो काम गर्न मन पराउँथे । ती मानिसहरूले तपाईंले बताउनु भएको बाटो अनुसार गर्दै तपाईंलाई सम्झना गर्छन् । तर अतीतमा हामीले तपाईंको विरूद्ध पाप गर्यौं। यसैकारण तपाईं हामीसित क्रोधित हुनुभयो । अब हामीहरू कसरी बचाइन सक्नेछौं ?" (यशैया ६४:४-५) परमेश्वरले तपाईंसँग भेट्न चाहनु हुन्छ । उहाँ तल ओर्लन चाहनुहुन्छ । जब उहाँ आउनु हुन्छ मण्डलीमा नैराश्य हुने छैन, प्रभुका जनले नचिताएको आनन्द पाउनेछन् र महिमा चढाउनेछन् ! अनन्तसम्म धर्मीहरू आनन्दित हुनेछन् । प्रभु भन्नुहुन्छ म मेरा सन्तानहरूलाई धर्मी भएको हेर्न चाहन्छु । परमेश्वरले उहाँका मानिसहरूलाई भेट्नु हुन्छ ! तिनीहरूले महा आनन्द पाउनेछन् ।

त्यसोभए धर्मीको बाटोमा केले बाधा खडा गरेको छ त ?

के ले जागृति रोक्न सक्छ ? हामी हाम्रा पापहरूले भ्रष्ट भएका छौं ! "हामी सबै पापले अशुद्ध भएका छौं । हाम्रा असल कामहरू पनि शुद्ध छैनन् । तिनीहरू रगतका दागहरू भएका लुगाहरू जस्ता छन् । हामी ओइलएर झरेका पातहरूझैं छौं । हाम्रा पापहरूले हामीलाई बतासले झैं उडाई लैजानेछ ।" (यशैया ६४:६) हामी अधर्मी भएका छौं , मण्डली अहंकार र गर्वले गुम्सिएको छ ! हामीलाई अशुद्ध र निन्दा गर्ने कुराहरुले हामी आफैलाई ढाक्ने प्रयास गर्छौं ! उहाँको दृष्टिमा त्यो हाम्रो "धार्मिकता" भित्रको फोहोरी दाग हो !

वचनले भन्दछ "हामी ओइलएर झरेका पातहरू झैं छौं ।" (यशैया ६४:६) जब पातहरू पहेंलो हुन थाल्छन् खैरो र फिका हुँदै तिनीहरू झर्छन् ।

रूखहरू हेर्दा तिनीहरू राम्रो देखिन्छन्, तर जब हावा आउँछ र तिनीहरू जमिनमा ढल्छन् ! अधार्मिकताले भरिएका मानिसहरु धेरै छन् तर हावा चल्ने बित्तिकै तिनीहरु पनि ढल्छन्, पारिवारिक समस्या आइपर्दा, आर्थिक अड्चन र केही कठिनाइ झेल्दा तिनीहरु भाग्छन् !

हामी हाम्रा पापहरूमा रमाइरहेका छौं । "हामी तपाईंलाई पुज्दैनौं । हामी तपाईंको नाउँमा विश्वास गर्दैनौं । हामी तपाईंलाई अनुसरण गर्न उत्साहित हुँदैनौं । यसकारण तपाईं हामीदेखि टाढा हुनुभएको छ । हामी तपाईं समक्ष असहाय छौं, किनभने हामी पापै पापले भरिपूर्ण छौं । (यशैया ६४:७)

के तपाईंले आफैलाई परमेश्वरलाई पक्रिराख उत्प्रेरित गर्नुभएको छ ? वा कि केवल आराधनाको बिहानको बेन्च मात्रै न्यानो पार्ने हो ? वा मण्डली मात्र जाने अन्धभक्त विश्वासी हुनु भएको छ ? के तपाईको हृदयमा जागृतिको लागि तृष्णा, जलन, उत्कट इच्छा छ ? यदि तपाईं गम्भीर हुनुहुन्छ भने परमेश्वरले जागृति पठाउनुहुनेछ ।

यस युगमा आत्मामा क्लोरोफर्म (विषाक्त) भएका सन्तहरूलाई, आर.ए. टोरेले यसरी भन्नु भएको छ , "मसँग एउटा सिद्धान्त छ ... यस पृथ्वीमा जहाँ चर्च, च्यापल, वा मिशन छैन त्यहाँ तपाईंले जागृति पाउन सक्नुहुन्न, तर त्यहाँ दृढ विश्वासीलाई पठाउनु पर्छ जसले उहाँ तल/यस पृथ्वीमा नआउञ्जेल परमेश्वरलाई पक्रेको हुन्छ । पहिलो कुरा, त्यहाँ केही इसाईहरू भए पुग्छ धेरै आवश्यक छैन, जसले आफैमा परमेश्वरको अधिकार पाएका छन् ! यो प्रमुख अत्यावश्यकता हो ! यदि परमेश्वरको अधिकार पाएकाहरुलाई

नियुक्त गरिएन भने, जागृतिको निम्ति बाँकी काम केही गर्न सकिँदैन, समय मात्र खेर जान्छ, यस्तो भन्नु परेकोमा म माफी चाहन्छु । दोस्रो कुरा, जागृतिको लागि प्रार्थना गर्न तिनीहरूले आफूलाई एकसाथ जुट्न दिनुहोस् अनि मात्र परमेश्वरले स्वर्गको ढोका खोल्नुहुन्छ र तल आउनुहुन्छ । तेस्रो कुरा, तिनीहरूले आफूलाई परमेश्वरको अधिकारमा राखून् जसरी उहाँले हराएकाहरुलाई ख्रीष्टमा विजयी बनाउन उपयुक्त देख्नुहुन्छ, उहाँको सेवामा प्रयोग गर्नुहुन्छ ! यति नै सबै हो । यसले कुनै पनि चर्च वा समुदायमा जागृति ल्याउने निश्चित गर्न सक्छ । मैले यो हुन सक्ने कुरा विश्वभरि प्रचार गरेको छु ! धेरै चर्च र धेरै समुदायहरूले यस कुरालाइ गहनरुपले लिएका छन्, कुनै पनि अवस्थामा असफल भएको छैन, र असफल हुन सक्दैन ।"

परमेश्वरसँग हाम्रो सम्बन्ध ठीक हुनुपर्छ ! उहाँसँगै हुनुपर्छ र निरन्तर प्रार्थना गर्नुपर्छ ! हामीले आफैलाई परमेश्वरको अधिकारमा सुम्पनुपर्छ । यही नै यशैया ६४ अध्यायको सन्देश हो । तपाईं भन्नुहुन्छ, "म ठीक छु, भन्नमा यो धेरै सरल छ ।" त्यो सत्य हो । यो सरल पनि छ । यत्तिकैमा मण्डली सन्तुष्ट हुनु वा रम्नु नै समस्या हो ! त्यहाँ कुनै पनि आत्मिक कुरा छैन "जसले आफैलाई उत्तेजित/उत्साहित गर्छ ।" प्रिय साथीहरु, डा. टोरेले के गर भन्नुहुन्छ ? र आफू प्रभुमा असल हुनुहोस् ! यदि हामी उहाँमा असल भएर रहन वा रम्न सक्दैनौ भने हाम्रा इच्छाहरु पुरा हुन पनि सक्दैन !

हामी हाम्रा पापहरूले भस्म भएका छौं । "हामी तपाईंलाई पुज्दैनौं । हामी तपाईंको नाउँमा विश्वास गर्दैनौं । हामी तपाईंलाई अनुसरण गर्न उत्साहित हुँदैनौं । यसकारण तपाईं हामीदेखि टाढा हुनु भएको छ । हामी तपाईं समक्ष असहाय छौं, किनभने हामी पापै पापले भरिपूर्ण छौं ।"(यशैया ६४:७) हाम्रा पापहरूले हामीलाई जिउँदै खाइरहेका छन् । हामी पापमा लिप्त भएकै कारण उहाँले उहाँको अनुहार हामीबाट फर्काउनुहुन्छ । हामी सुरक्षित छैनौं । "परमेश्वर हाम्रो राष्ट्रलाइ आशिर्वाद दिनुहोस्" भन्दै हामी पुकार गर्न सक्छौं तर यो सब खोक्रो हुनसक्छ, किनभने हामी पापमा लिप्त भएको कारण परमेश्वरले आफ्नो अनुहार हाम्रो सुरक्षाको निम्ति देखाउनु भएको छैन ।

हामीमा कसरी जागृति आउन सक्छ ?

हामीले कसरी परमेश्वरको अनुहार खोज्ने? प्रार्थनाले जागृति ल्याउँछ !

प्रार्थना गर्नुहोस् र परमेश्वरको सार्वभौमिकता सम्झनुहोस् । "तर परमप्रभु, तपाईं हाम्रो पिता हुनुहुन्छ । हामी हिलो जस्तै छौं अनि तपाईं कुमाले हुनुहुन्छ । तपाईंकै हातले हामीहरूलाई बनाउनु भयो ।" (यशैया ६४:८) हामीले परमेश्वरलाई विश्वास गर्नुपर्छ, उहाँ महान हुनुहुन्छ ! उहाँ सार्वभौम परमेश्वर हुनुहुन्छ ! परमेश्वरले तपाईंको जीवनमा "पद/प्रतिष्ठा/स्थान" लाई प्रमुख भएको चाहनुहुन्न तर उहाँले तपाईंको जीवनमा परमेश्वर प्रधान भएको चाहनुहुन्छ ! उहाँको अगुवाईको निम्ति हामी योग्य भएको चाहनु हुन्छ । "प्रभु, तपाईं सार्वभौम हुनुहुन्छ । म माटो हुँ ! मलाई तपाईंले सोचे अनुरुप ढाल्नुहोस् र मलाई तपाईंको असल अनुयायी बनाउनुहोस् । तपाइँ राजाहरुका राजा हुनुहुन्छ !"

प्रार्थना गर्नुहोस् र परमेश्वरको दया वा कृपा सम्झनुहोस् ! "परमप्रभु, हामीसित अब यसरी क्रोधित भइनरहनु होस् । हाम्रा पापहरूलाई सधैँ ध्यानमा नराखी भुलि दिनुहोस् । दया गरेर, हामीमाथि हेर्नुहोस् हामी तपाईंका मानिसहरू हौं ।" (यशैया ६४:९) यसरी प्रार्थना गर्नुहोस्, "हे प्रभु, हामीलाई दया गर्नुहोस्, तपाईंको क्रोध हामीमा सधैंभरि नराख्नुहोस् । हामीलाई तपाइँ प्रभु चाहिएको छ ! हामी तपाईलाई हाम्रो हृदयमा बास गरेको देख्न चाहन्छौं । तपाईं हामीसँग हुनुहोस् ।"

परमेश्वरले हामीमा उहाँको दया वा कृपा विस्तार गर्न चाहनुहुन्छ । उहाँ पापीलाई दण्ड दिनुभन्दा उसको पाप क्षमा गर्न चाहनु हुन्छ । तर जबसम्म हामीले हाम्रो पाप स्वीकार गरे पश्चाताप गर्दैनौं त्यति बेलासम्म परमेश्वरले हाम्रो पापलाई हटाउन सक्नुहुन्न ! प्रायः समस्या हामी मै छ ! हामी कठोर भएका छौं, पश्चात्ताप गर्न इच्छुक छैनौं । हामी ईश्वरको उपस्थिती चाहन्छौं, उहाँको दया वा कृपा चाहन्छौं तर पश्चात्ताप गर्दैनौं भने त्यो हाम्रो प्रार्थना एक धार्मिक प्रहसन जस्तो हुनेछ, कुनै धुम्रपान गर्नेले उडाएको धुवाँ जस्तो हुनेछ ।

प्रार्थना गर्नुहोस् र परमेश्वरको महिमाको आदर गर्नुहोस् । वचनमा यसरी लेखिएको छ "तपाईंका पवित्र शहरहरू रित्तो छन् । ती शहरहरू उजाड र निर्जन छन् । सियोन निर्जन छ ! यरूशलेम ध्वंश भइसक्यो । हाम्रा पितापुर्खाहरूले तपाईंलाई हाम्रा पवित्र मन्दिरमा पुज्ये । हाम्रा मन्दिरहरू एकदम अचम्मका थिए, तर अहिले यो आगोमा जलेर गयो । हाम्रा सारा बहुमूल्य सम्पत्तिहरू विनाश भए । के यी सबै कुराहरूले हामीलाई तपाईंको प्रेमदेखि टाढा लानेछ ? के तपाईं सधैं चूपचाप बस्नु हुन्छ ? के तपाईं हामीलाई सधैं दण्ड दिनुहुन्छ?" (यशैया ६४:१०-१२)

अगम्वक्ता यशैयाले पुकार गरेका छन्, "हे परमेश्वर, हामीले तपाइँको महिमा सम्झन्छौं । जब तपाईंले तपाईंको पवित्र मन्दिरबाट हामीसँग कुरा गर्नुभयो, त्यो हामी सम्झन्छौं प्रभु । हाम्रो पुर्खाहरूले हामीलाई यसबारे बताउनुभएको छ । त्यो कस्तो महिमित समय थियो ? हे परमेश्वर, हामी तपाईं महिमित भएको चाहन्छौं ! हे परमेश्वर, हामीलाई तपाईंको अनुहार देखाउनुहोस्, हामीलाई तपाईंको महिमा देखाउनुहोस् !"

जब परमेश्वर तल ओर्लनुहुन्छ, त्यो चाहिं जागृति हो !

अझै आफैलाई जागृत गराउन तपाईं हलचल गर्न इच्छुक नभएको हुनसक्छ ! तपाईंले लुगा लगाएको धार्मिकताको पहिरन आफैमा केन्द्रित भएको हुन सक्छ । तपाईं जहाँ हुनुहुन्छ त्यसमा सन्तुष्ट भएको वा रमेको हुनसक्छ ! तपाईं ओइलाएको पातजस्तै हुनुहुन्छ तर त्यो कुरा तपाईंलाई कहिल्यै थाहा नभएको पनि हुनसक्छ !

तर यदि तपाईंले परमेश्वरलाई खोज्नुहुन्छ भने, उहाँ हाम्रो निम्ति पर्खिरहनुभएको छ, स्वर्गको आत्मिक लडाइँहरूमा रहँदा पनि हाम्रो निम्ति पर्खनुहुन्छ । हामीले परमेश्वरलाई जागृतिको निम्ति पछ्याएका छैनौं तर केवल उहाँलाई जागृति ल्याउन अनुमति मागेका छौं । के तपाईं साँच्चै जागृति आएको हेर्न चाहनुहुन्छ ?

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4982442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.heraldofhiscoming.org